# बेनीघाट रोराङ गाउँपालिका

स्थानीय राजपत्र

खण्ड – ८ संख्या – ९ मितिः २२ चैत्र, २०८१

भाग – १

# बेनीघाट रोराङ प्रज्ञा प्रतिष्ठान ऐन,२०८१

**बेनीघाट रोराङ गाउँपालिका**
**विशालटार, धादिङ**
**बागमती प्रदेश**

# बेनीघाट रोराङ प्रज्ञा प्रतिष्ठान ऐन-२०८१

**प्रस्तावनाः**

बेनीघाट रोराङ गाउँपालिका बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक विविधताले भरिपूर्ण गाउँपालिका भएकाले गाउँपालिकाभित्रका सबै भाषा, साहित्य, कला, सङगीत, संस्कृति, ज्ञान, विज्ञान र प्रविधिको उचित संरक्षण, सम्बर्द्धन र आवश्यक विस्तार तथा विकास गर्नुपर्ने कुरालाई मनन गर्दै भाषा, साहित्य, कला, सङ्गीत, संस्कृति, दर्शनशास्त्र तथा समाजशास्त्रको विमर्श, अनुसन्धान एवम् मौलिक सिर्जनाका माध्यमबाट नवप्रतिभाहरुको प्रवर्द्धन गर्न, समाजोपयोगी कृतिहरु तयार गर्न, गराउन र यस क्षेत्रका विद्वान, अभियन्ता तथा अन्वेषकको सम्मान तथा कदर गर्न वाञ्छनीय भएकाले बेनीघाट रोराङ गाउँ कार्यपालिकाको गाउँ सभाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम यो ऐन बनाएको छ।

## परिच्छेद १ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस ऐनको नाम '**बेनीघाट रोराङ प्रज्ञा प्रतिष्ठान ऐन-२०८१**' रहेको छ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,**

क) "गाउँपालिका" भन्नाले **बेनीघाट रोराङ गाउँपालिका**लाई सम्झनु पर्दछ।

ख) "प्रमुख" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाका प्रमुखलाई सम्झनु पर्दछ।

ग) "उप-प्रमुख" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाका उप-प्रमुखलाई सम्झनु पर्दछ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ङ) "कार्य समिति" भन्नाले दफा १० बमोजिम गठित समितिलाई सम्झनु पर्दछ।

च) "परिषद्" भन्नाले दफा ७ बमोजिम गठित परिषद् सम्झनु पर्दछ।

छ) "प्रतिष्ठान" भन्नाले **बेनीघाट रोराङ गाउँपालिका प्रज्ञा प्रतिष्ठान**लाई सम्झनु पर्दछ।

ज) "भाषा" भन्नाले नेपाली भाषा लगायत नेपालमा बोलिने सम्पूर्ण राष्ट्र भाषालाई सम्झनु पर्दछ।

झ) "कला" भन्नाले चित्रकला, मूर्तिकला, लोककला, हस्तकला, शिल्पकला, वास्तुकला, ललितकला लगायतका सिर्जनालाई सम्झनु पर्दछ।

ञ) "साहित्य" भन्नाले राष्ट्रका हरेक भाषाका गद्यपद्यमा सिर्जित विविध विधा, श्रव्य, दृष्य, लिखित एवम् मौखिक लोकवार्तासमेत सम्झनु पर्दछ।

ट) "संस्कृति" भन्नाले बेनीघाट रोराङ गाउँपालिका अन्तर्गत रहेका विभिन्न सम्प्रदायले परम्परागत रुपमा मान्दै आएका श्रद्धा, आस्था र सांस्कृतिक रुपले अनुशरण तथा अनुशीलन गर्ने कार्यलाई सम्झनु पर्दछ।

ठ) "अध्यक्ष" भन्नाले बेनीघाट रोराङ प्रज्ञा परिषद र बेनीघाट रोराङ प्रज्ञा कार्यसमितिको अध्यक्ष सम्झनु पर्दछ। सो शब्दले प्रतिष्ठानको अध्यक्ष भन्ने समेत बुझाउँदछ ।

ड) "उपाध्यक्ष" भन्नाले प्रतिष्ठानको उपाध्यक्ष सम्झनु पर्दछ।

ढ) "सचिव" भन्नाले प्रतिष्ठानको सदस्य सचिव सम्झनु पर्दछ।

ण) "कोषाध्यक्ष" भन्नाले प्रतिष्ठानको कोषाध्यक्ष सम्झनु पर्दछ।

त) "पदाधिकारी" भन्नाले प्रतिष्ठानको प्रज्ञा कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सदस्य र सदस्य-सचिवलाई सम्झनु पर्दछ।

थ) "तोकिएका वा तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेका नियम, निर्देशिका र कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्दछ।

## परिच्छेद २
## प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य र अधिकार

**३. प्रतिष्ठानको स्थापनाः**

क) गाउँपालिका क्षेत्रभित्रका बौद्धिक सम्पत्ति, भाषा, साहित्य, सङ्गीत, कला, संस्कृति, दर्शनशास्त्र, समाजशास्त्र, ज्ञान, विज्ञान र प्रविधिको संरक्षण, सम्बर्द्धन, प्रोत्साहन तथा विकास गर्न आवश्यक भएकाले यस ऐनमा व्यवस्था भएबमोजिम प्रतिष्ठानको स्थापना गरिएको छ।

ख) प्रतिष्ठानको कार्यालय बेनीघाट रोराङ गाउँपालिका क्षेत्रभित्र रहनेछ।

ग) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला संस्था हुनेछ।

घ) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै व्यवस्था गर्न कार्यपालिकाले सिफारिस गरेबमोजिम हुनेछ।

ङ) प्रतिष्ठानको आफ्नै छाप र चिन्ह हुनेछ।

**४. प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः**

प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

क) प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

ख) भाषा, साहित्य,संगीत, कला, संस्कृति, दर्शनशास्त्र, समाजशास्त्र, ज्ञान, विज्ञान र प्रविधिको सङ्कलन, संरक्षण, संवर्द्धन तथा अध्ययन अनुसन्धान गर्ने, गराउने,

ग) प्रतिष्ठानका क्षेत्राधिकारभित्रका अनुसन्धानात्मक तथा मौलिक कृति र सिर्जनाको सङ्कलन, प्रकाशन तथा अभिलेखीकरण गर्ने,

घ) बौद्धिक बैंक, ग्यालेरी तथा संग्रहालय स्थापना र सञ्चालन गर्ने,

ङ) बौद्धिक बैंकमा जम्मा भएका बौद्धिक सम्पत्तिहरुको आधिकारिकताका लागि प्रचलित कानुनबमोजिम गर्ने,

च) साहित्यकार, सङ्गीतकार, कलाकार, भाषाविद, अभियन्ता, संस्कृतिविद्, दार्शनिक, समाजशास्त्री साथै ती क्षेत्रमा विशिष्ट योगदान पुर्याउने संस्थालाई कदर, सम्मान, प्रोत्साहन तथा पुरस्कृत गर्ने,

छ) बेनीघाट रोराङ पुस्तकालय सञ्चालन गर्ने र यसको सञ्चालन प्रक्रिया तोकिए बमोजिम हुने,

ज) भाषा, साहित्य, सङ्गीत, कला, संस्कृति, दर्शनशास्त्र, समाजशास्त्र, ज्ञान, विज्ञान र प्रविधिका क्षेत्रमा अध्ययन, अनुसन्धान गर्न विद्वत्ववृत्तिको व्यवस्था गर्ने,

झ) भाषा, साहित्य, सङगीत, कला, संस्कृति, दर्शनशास्त्र, समाजशास्त्र, ज्ञान, विज्ञान र प्रविधिको संरक्षण तथा संवर्द्धनको माध्यमबाट स्थानीय तह, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रसँग परिचित हुने र गराउने,

ञ) सम्बन्धित विषयमा स्थानीय, प्रदेश, राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा गोष्ठी, कार्यशाला, सम्मेलन, प्रदर्शनी, महोत्सव तथा प्रतियोगिता आयोजना गर्ने गराउने, सहभागी हुने साथै अवलोकन एवम् सिर्जनात्मक भ्रमणको आयोजना गर्ने,

ट) विभिन्न भाषामा लेखिएका उच्चस्तरीय कृति र सिर्जनाहरूको अनुवाद गरी प्रकाशन गर्ने,

ठ) साँस्कृतिक, धार्मिक तथा पुरातात्विक महत्त्वका सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्ने,

ड) अग्रजको सम्मान र नयाँ पुस्ताको प्रतिभाको उजागर गर्ने,

ढ) यसै अनुसारका अन्य संघसंस्थासँग गाउँपालिकाको समन्वय र सिफारिसमा भाइचारा सम्बन्ध स्थापना र विस्तार गर्ने तथा पारस्परिक सहयोग आदान प्रदान गर्ने,

ण) प्रतिष्ठानले व्यक्तिसरह आफ्नो तर्फबाट नालिस उजुर गर्न र प्रतिष्ठान उपर पनि नालिस उजुर लाग्न सक्ने,

त) प्रतिष्ठानले व्यक्तिसरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्ने,

## परिच्छेद ३

## साङ्गठनिक स्वरुप र गठन प्रक्रिया

**५. प्रतिष्ठानको साङ्गठनिक स्वरुप देहाय बमोजिमको हुनेछ :**

क) बेनीघाट रोराङ प्रज्ञा परिषद

ख) बेनीघाट रोराङ प्रज्ञा कार्य समिति

**६. सदस्यता लिन आवश्यक योग्यताः**

१) १८ वर्ष उमेर पूरा भएको,

२) कुनै पनि फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित गरी सजाय पाएको व्यक्ति नभएको,

३) मानसिक सन्तुलन ठीक भएको,

४) बेनीघाट रोराङ गाउँपालिका क्षेत्रमा जन्मेका वा बसोवास गरेका तथा  भाषा, साहित्य, सङ्गीत, कला, संस्कृति, दर्शनशास्त्र, समाजशास्त्र, ज्ञान, विज्ञान र प्रविधिका क्षेत्रमा कम्तीमा ३ वर्षदेखि निरन्तर योगदान गरेको,

**७. परिषद्को गठनः**

प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा रहने बेनीघाट रोराङ प्रज्ञा परिषद्को गठन देहाय अनुसार हुनेछः

१) बेनीघाट रोराङ गाउँक्षेत्रभित्र दर्ता भई भाषा, साहित्य, संगीत, कला, संस्कृति, दर्शनशास्त्र र

समाजशास्त्रका क्षेत्रमा कम्तीमा ३ वर्षदेखि अविच्छिन्न रुपमा कार्य गरिरहेका संस्थाका प्रमुख **- पदेन सदस्य**

२) भाषा, साहित्य, संगीत, कला, संस्कृति, दर्शनशास्त्र र समाजशास्त्रका क्षेत्रमा कम्तीमा ३ वर्षदेखि निरन्तर क्रियाशील भई विशेष योगदान गरेका स्रष्टाहरुले परिषद् सदस्यका लागि तोकिएको ढाँचामा आवेदन गरी वा परिषद गठन गर्ने प्रयोजनका लागि आयोजना गरिएको भेलाबाट परिषदमा सदस्य रहन इच्छुक व्यक्तिहरु मध्येबाट गाउँकार्यपालिकाले मनोनीत गरेको सदस्यहरू **- साधारण सदस्य**

३) विभिन्न क्षेत्रका विशिष्ट स्रष्टाहरुमध्येबाट कार्यसमितिले मानार्थ मनोनीत गरेका सदस्यहरू **- मानार्थ सदस्य**

४) उपदफा १ बमोजिमका सदस्यहरु सम्बन्धित संस्थाको अध्यक्ष रहुन्जेल र उपदफा २ र ३ बमोजिमका सदस्यहरु ३ वर्षका लागि सदस्य रहनेछन। प्रज्ञा कार्यसमितिले तोकेको शुल्क तिरी परिषदका सदस्यहरुले सदस्यता नवीकरण गर्नुपर्नेछ।

५) प्रज्ञा कार्यसमितिले तोकेको एकमुष्ठ शुल्क तिरी प्रज्ञा परिषद्को आजीवन सदस्यता लिन सकिनेछ।

## ८) परिषद्को काम, कर्तव्य र अधिकारः

परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क) कार्यसमितिबाट प्रस्तुत भएका नीति, योजना, कार्यक्रम तथा बजेट अनुमोदन गर्ने,

ख) कार्यसमितिबाट प्रस्तुत भएका लेखनवृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने,

ग) कार्यसमितिलाई सुझाव र सहजीकरण गर्ने,

घ) प्रतिष्ठानको हितका अन्य कार्य गर्ने।

## ९. परिषद्को बैठक सम्बन्धी व्यवस्थाः

१) कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिव परिषद्को पदेन अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिव हुनेछ। बैठकको अध्यक्षता कार्यसमितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा कार्यसमितिको उपाध्यक्षले गर्नेछ।

२) बैठक वर्षमा कम्तीमा चार पटक बस्नेछ।

३) कार्यसमितिको निर्णयअनुसार अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउनेछ।

४) बैठक बस्ने मिति, समय, स्थान एवम् छलफलका विषयवस्तुसहितको सूचना सदस्य सचिवले कम्तीमा ५ दिन अगावै विद्युतीय माध्यम वा पत्रद्वारा सदस्यहरूलाई दिनु पर्नेछ।

५) परिषद्मा तत्काल कायम रहेका सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित भएमा सभाको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ। गणपूरक संख्या नपुगेमा दोस्रो पटक बोलाइएको बैठकमा रहेको उपस्थितिलाई स्वतः गणपूरक मानिनेछ।

६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ।

७) परिषद बैठकको निर्णय सदस्य सचिवले अध्यक्षबाट प्रमाणित गराई सुरक्षित राख्नु पर्नेछ।

८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद आफैले निर्णय गरेबमोजिम हुनेछ।

## परिच्छेद ४

## कार्य समितिको गठन तथा काम, कर्तव्य र अधिकार

### १०. कार्य समितिको गठनः

१) बेनीघाट रोराङ प्रज्ञा प्रतिष्ठानको दैनिक कार्य सञ्चालनका लागि बेनीघाट रोराङ प्रज्ञा कार्यसमिति रहनेछ। बेनीघाट रोराङ प्रज्ञा कार्यसमिति ७ सदस्यीय हुनेछ।

२) बेनीघाट रोराङ प्रज्ञा कार्यसमिति देहाय बमोजिम गठन हुनेछः

क) बेनीघाट रोराङ प्रज्ञा परिषदका पदेन र साधारण सदस्यहरुमध्ये परिषदले चयन गरी पठाएका व्यक्तिहरु मध्येबाट गाउँ कार्यपालिकाबाट मनोनीत कम्तिमा १ महिलासहित ४ जना **सदस्य**

ख) बेनीघाट रोराङ प्रज्ञा परिषदका मानार्थ सदस्यहरू मध्येबाट प्रज्ञा परिषदबाट निर्वाचित हुने कम्तीमा १ महिलासहित २ जना **सदस्य**

ग) दैनिक प्रशासनिक काम समेत गर्ने गरी गाउँकार्यपालिकाबाट मनोनित १ जना व्यक्ति **सदस्य सचिव**

३) उपदफा २ बमोजिम गठन भएका बेनीघाट रोराङ प्रज्ञा कार्यसमितिको बैठकले खण्ड क र ख का सदस्यहरु मध्येबाट १ जना अध्यक्ष, १ जना उपाध्यक्ष र १ जना कोषाध्यक्षको चयन गर्नेछ । बैठकले ती पदहरु चयन गर्ने नसरकेको खण्डमा गाउँ कार्यपालिकाले मतदान प्रक्रिया अबलम्बन गर्नेछ । यस प्रक्रियामा सदस्य सचिवले समेत मत जाहेर गर्ने पाउनेछ । बाँकी ३ पदहरु सदस्यको रुपमा रहनेछन् ।

४) कार्यसमितिको पदावधि ३ बर्षको हुनेछ।

५) कुनै कारणले पदाधिकारी वा सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि अर्को व्यक्तिलाई कार्यसमितिद्वारा मनोनित गरिनेछ।

### ११. कार्य समितिको काम कर्तव्य र अधिकारः

१) कार्य समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क) परिषदले गरेको निर्णय र निर्देशन कार्यान्वयन गर्ने, गराउने,

ख) लेखा परीक्षणको प्रतिवेदन बैठकबाट पारित गराई परिषद् समक्ष पेश गर्ने,

ग) सदस्य-सचिवले पेश गरेको बार्षिक कार्यक्रम र प्रगति प्रतिवेदन, कोषाध्यक्षको आर्थिक प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि परिषद्समक्ष पेश गर्ने,

घ) प्रतिष्ठानको चलअचल सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने गराउने,

ङ) प्रतिष्ठानको कोषको व्यवस्था र सञ्चालन गर्ने,

च) कार्य समितिले काम कारबाहीलाई व्यवस्थित बनाउनका लागि बढीमा ५ वटा विभाग गठन गर्न सक्नेछ।

छ) कार्य समितिले आवश्यकता अनुसार उपसमिति र कार्यदल गठन गर्न सक्नेछ।

ज) कार्य समितिले विभाग, उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार तोक्नेछ।

झ) एउटा विभागमा रहेको व्यक्ति अर्को विभागमा रहन पाउने छैन र विभागअन्तर्गत गठित उपसमितिमा समितिका पदाधिकारी रहने छैनन् तर कुनै निश्चित कामका लागि गठन हुने कार्यदलमा भने पदाधिकारी रहन बाधा पर्ने छैन।

ञ) कुनै कारणले पदाधिकारी वा सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि कार्यसमितिद्वारा मनोनित गरिनेछ।

ट) प्रतिष्ठानका अन्य तोकिए बमोजिमका काम गर्ने।

२) दफा ४ बमोजिम प्रतिष्ठानको काम, कर्तव्य र अधिकार प्रज्ञा कार्यसमिति मार्फत कार्यान्वयन हुनेछ।

## १२. अध्यक्षको काम, कर्तव्य र अधिकारः

अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) परिषद र कार्यसमितिको बैठकको अध्यक्षता गर्ने,

ख) परिषद र कार्य समितिले गरेका निर्णयको कार्यान्वयन गर्ने, गराउने,

ग) प्रतिष्ठानको बार्षिक कार्यक्रम, बजेट, प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने,

घ) गाउँपालिका, अन्य पालिका, संघ, संस्था, समिति तथा उपसमितिहरूसँग समन्वय र सहकार्य गर्ने,

ङ) कार्य समितिको स्वीकृति लिई प्रतिष्ठानको तर्फबाट करार गर्ने,

च) संघीय सरकार, प्रदेश सरकार तथा विदेशी संस्थासँग सम्बन्धित विषयमा आवश्यक सम्पर्क गर्ने,

छ) तोकिए बमोजिमका अन्य काम गर्ने।

## १३. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः

उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजम हुनेछः

क) कार्य समिति र परिषद्को बैठकमा उपस्थित हुने,

ख) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने,

ग) परिषद् र कार्य समितिले गरेका निर्णयको कार्यान्वयनमा अध्यक्षलाई सहयोग गर्ने,

घ) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने सबै काम गर्ने,

ङ) अध्यक्षको निर्देशनमा अन्य काम गर्ने।

## १४. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

क) संस्थाको हिसाब किताब राख्ने र बेनीघाट रोराङ प्रज्ञा परिषदमा पेश गर्ने,

ख) कोषको सम्पूर्ण जिम्मेवारी वहन गर्ने,

ग) प्रतिष्ठानको सम्पूर्ण चल अचल सम्पत्तिको जिम्मा कोषाध्यक्षलाई रहनेछ।

**१५. सदस्यहरूको काम, कर्तव्य र अधिकारः**

सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

क) बैठकमा उपस्थित भई छलफल र निर्णयमा सहभागी हुने,

ख) नीति तथा कार्यक्रम निर्माण गर्ने कार्यमा सहयोग गर्ने,

ग) अध्यक्ष, उपाध्यक्ष, सदस्य सचिव र कोषाध्यक्षको कार्यमा सहयोग गर्ने,

घ) आफूलाई जिम्मा दिइएका अन्य कामहरू गर्ने।

**१६. सदस्य-सचिवको काम, कर्तव्य र अधिकारः**

सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

क) अध्यक्षको अनुमतिमा बैठक बोलाउने,

ख) संस्थाका निर्णयहरु सदस्यहरुलाई जानकारी गराउने,

ग) कार्यालय व्यवस्थापन गर्ने,

घ) बैठकका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

ङ) प्रशासनिक प्रमुखको हैसियतमा दैनिक कार्य सञ्चालन गर्ने,

च) अध्यक्ष तथा समितिले तोकेका कार्य गर्ने,

छ) दफा १० को उपदफा (२) बमोजिम गठित समिति र कार्यसमितिका हरेक बैठकमा मताधिकार हुनेछ तर सदस्य सचिवले अन्य पदाधिकारीमा उम्मेदवार बन्न पाईने छैन।

ज) संस्थाको सम्पूर्ण अभिलेख अध्यावधिक गर्ने।

**१७. कार्य समितिको बैठकः**

१) कार्यसमितिको बैठक कम्तिमा दुई महिनामा एक पटक बस्नेछ।

२) कार्यसमितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

३) कार्य समितिको बैठक हुनुभन्दा कम्तिमा चौबिस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य सचिवले टेलिफोन तथा विद्युतीय माध्यमबाट सबै सदस्यहरूलाई दिनु पर्नेछ।

४) कार्य समितिमा तत्काल कायम रहेका सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ।

५) बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

६) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

७) बैठकको निर्णय अध्यक्षद्वारा प्रमाणित गराई सचिवले सुरक्षित राख्नेछ।

८) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्णय गरेबमोजिम हुनेछ।

## परिच्छेद -५
## पद रिक्त र समिति विघटन सम्बन्धी व्यवस्था

**१८. पद रिक्त हुने अवस्थाः**

देहायको अवस्थामा पदाधिकारी वा सदस्यहरुको पद रिक्त हुनेछ -

क) पदावधि समाप्त भएमा,

ख) राजीनामा दिएमा,

(ग) मानसिक सन्तुलन ठीक नभएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा,

(ङ) दफा १९ अनुसार पदबाट हटेमा वा मृत्यु भएमा।

**१९. पदबाट हटाउन सक्नेः**

१) प्रज्ञा कार्यसमिति पदाधिकारी र सदस्यले यस ऐनबमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक काम गरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण देखाई परिषद्मा तत्काल कायम रहेका कम्तीमा एक चौथाइ सदस्यले अध्यक्षसमक्ष निवेदन दिएमा सो निवेदन अध्यक्षले कार्यसमितिको राय सहित गाउँपालिका प्रमुखसमक्ष पेश गर्नु पर्नेछ।

२) गाउँपालिका प्रमुखबाट छानबीन भई मनासिब देखिएमा कार्यपालिकाको निर्णयबाट पदबाट हटाउन सक्नेछ तर पदबाट हटाउनुअघि निजलाई एक पटकका लागि सफाइको मौका प्रदान गरिनेछ।

३) ६ महिनासम्म बैठक बस्न नसकी प्रज्ञा कार्यसमिति समिति निष्क्रिय रहेमा गाउँपालिका प्रमुखले आवश्यक छानबिन गरी समिति समेत विघटन गरेर नयाँ समिति गठनका लागि कार्यपालिकामा प्रस्ताव पेश गर्न सक्नेछ। कार्यपालिकाको निर्णय बमोजिम नयाँ तदर्थ कार्यसमिति गठन हुनेछ। तदर्थ कार्यसमितिले ६ महिनाभित्र प्रज्ञा कार्यसमितिको अधिवेशन गर्नेछ।

**२०. राजीनामा सम्बन्धी व्यवस्थाः**

१) अध्यक्षले गाउँपालिका प्रमुखसमक्ष र पदाधिकारी तथा सदस्यले अध्यक्ष मार्फत् राजीनामा दिन सक्नेछ।

२) अध्यक्षले पदाधिकारी वा सदस्यको राजीनामा गाउँपालिका प्रमुख समक्ष पेश गर्नेछ।

३) गाउँपालिका प्रमुखले आफ्नो रायसहित कार्यपालिकामा पेश गर्नेछ।

४) कार्यपालिकाले प्राप्त राजीनामाहरु स्वीकृत गर्न सक्नेछ।

## परिच्छेद -६

## कोष तथा लेखापरीक्षण

**२१. कोष सम्बन्धी व्यवस्थाः**

१) प्रतिष्ठानको एउटा छुट्टै कोष रहनेछ। सो खाताको सञ्चालन अध्यक्ष, सदस्य सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतमा खाता खोलिनेछ र अध्यक्षको अनिवार्य सहित कुनै २ जनाको हस्ताक्षरमा खाता सञ्चालन हुनेछ।

२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन्ः-

(क) गाउँपालिकाबाट प्राप्त रकम,

(ख) संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी संघ,संस्था र व्यक्तिबाट प्राप्त रकम,

(घ) विदेशी संघ, संस्था र व्यक्तिबाट प्राप्त रकम,

(ङ) व्याजबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम।

३) उपदफा (२) खण्ड (घ) बमोजिम रकम प्राप्त गर्ने विधि प्रचलित कानुन बमोजिम हुनेछ।

४) कोषको रकम बैंकमार्फत सञ्चालन गरिनेछ।

५) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

**२२. लेखा र लेखा परीक्षणः**

१) आयव्ययको लेखा प्रचलित कानुनबमोजिम व्यवस्थित हुनेछ।

२) कोषको आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षकबाट हुनेछ।

३) प्रतिष्ठानको अन्तिम लेखापरीक्षण गाउँपालिकाले तोकेको स्वतन्त्र लेखा परिक्षकबाट हुनेछ।

## परिच्छेद -७

## विविध

**२३. संरक्षक सम्बन्धी व्यवस्था - गाउँपालिकाको प्रमुख संस्थाको संरक्षक रहनेछ।**

**२४. कर्मचारी सम्बन्धी व्यवस्थाः**

१) प्रतिष्ठानमा आवश्यकता अनुसार कर्मचारीहरू रहनेछन्।

२) उपदफा (१) बमोजिमको कर्मचारीको नियुक्ति बेनीघाट रोराङ गाउँपालिकाले गर्नेछ र निजको पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू गाउँपालिकाले तोकेबमोजिम हुनेछ।

**२५. सेवा र सुविधाः**

बेनीघाट रोराङ प्रज्ञा कार्यसमिति र बेनीघाट रोराङ प्रज्ञा परिषदका सदस्यहरूको बैठक भत्ता र अन्य सुविधा बेनीघाट रोराङ गाउँकार्यपालिकाबाट तोकिएबमोजिम हुनेछ।

**२६ शपथ सम्बन्धी व्यवस्थाः**

१) आफ्नो पदभार ग्रहण गर्नुअघि पदाधिकारी र सदस्यहरूले अनुसूची १ बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

२) कार्य समितिका अध्यक्षले गाउँपालिका प्रमुखबाट शपथ लिनुपर्नेछ।

३) अन्य पदाधिकारी र सदस्यहरूले गाउँपालिका प्रमुखको उपस्थितिमा अध्यक्षबाट शपथ लिनु पर्नेछ।

**२७. प्रतीक चिन्ह र छापः प्रतिष्ठानको प्रतीक चिन्ह र छाप अनुसूची २ बमोजिमको हुनेछ।**

**२८. नियम बनाउने अधिकारः**

१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्ले नियम, कार्यविधि बनाउनेछ।

२) समितिले आफ्नो आचार संहिता आफैं बनाई लागु गर्न सक्नेछ।

## अनुसूची १
## दफा २६ को उपदफा (१) सँग सम्बन्धित
## शपथ

म सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु कि बेनीघाट रोराङ प्रज्ञा प्रतिष्ठानको ................................... को नाताले म ...................................... मलाई दिएको जिम्मेवारी इमान्दारी पूर्वक पूरा गर्नेछु। भाषा, साहित्य, सङगीत, कला, संस्कृति, दर्शनशास्त्र, समाजशास्त्र, ज्ञान, विज्ञान तथा प्रविधिको सिर्जना, संरक्षण, सम्बर्द्धन र संकलनका लागि तन, मन र वचनले दत्तचित्त भई कुनै भेदभाव, लोभलालच तथा मोलाहिजा नगरी कसैको प्रभावमा नपरी आफनो क्षेत्रमा देश र जनताको सेवाका लागि आफ्नो अमूल्य समय र शक्ति समर्पित गर्नेछु।

नाम, थरः

पदः

दस्तखतः

मितिः

## अनुसूची २
## (दफा २७ सँग सम्बन्धित)
## संस्थाको चिन्ह र छाप

१. गोलाकार चिन्हभित्र षट्कोण हुनेछ।

२. षट्कोणको वरिपरि नेपाली भाषामा बेनीघाट रोराङ  प्रज्ञा-प्रतिष्ठान बेनीघाट रोराङ, धादिङ, बागमती प्रदेश, नेपाल हुनेछ।

२. षट्कोण भन्दा ठीक तल नेपालीमा स्था. २०८२ लेखिएको हुनेछ।

४. षटकोणको बीचमा शङ्ख, कलम, बाँसुरी र कमलको फूलको एक - एकवटा चिन्ह हुनेछ।

<u>आज्ञाले</u>
नर्बदा घिमिरे
प्रमुख प्रशासकीय अधिकृत